# नेपाल राष्ट्र बैंक
# प्रेस समाचार

## अर्थशास्त्र र वित्त सम्बन्धी अन्तराष्ट्रिय सम्मेलन सुरु

नेपाल राष्ट्र बैंकद्वारा आयोजित अर्थशास्त्र र वित्त सम्बन्धी अन्तराष्ट्रिय सम्मेलन (International Conference on Economics and Finance) आज काठमाडौंमा सुरु भयो । तीन दिनसम्म चल्ने सो सम्मेलनमा करिव वीस राष्ट्रका अर्थशास्त्र, वित्तीय, मौद्रिक, व्यवस्थापन लगायतका विषय क्षेत्रका राष्ट्रिय एवम् अन्तर्राष्ट्रिय अनुसन्धानकर्ताहरुका ६२ वटा कार्यपत्र प्रस्तुत गरिने कार्यक्रम रहेको छ । सम्मेलनमा प्रस्तुत गरिने अनुसन्धान पत्र एवम् कार्यपत्रको निचोडबाट मुलुकको आर्थिक विकास, गरिबी निवारण, समष्टिगत आर्थिक स्थायित्व तथा वित्तीय क्षेत्रको विकास सम्बन्धी नीति निर्माणमा सहयोग पुग्ने अपेक्षा गरिएको छ । सम्मेलनमा मुलुकका आर्थिक क्षेत्रका नीति निर्माताहरू, विश्वविद्यालयका प्राध्यापक, अनुसन्धानकर्ता एवम् बैंक तथा वित्तीय क्षेत्रका विज्ञ व्यक्तित्वहरूको सहभागिता रहेको छ ।




सम्मेलनको उद्‌घाटन प्रमुख अतिथि माननीय अर्थमन्त्री श्री वर्षमान पुनले गर्नुभएको थियो । सो अवसरमा उद्‌घाटन मन्तव्य प्रस्तुत गर्दै मन्त्री पुनले कुनै पनि मुलुकको आर्थिक मुद्दाहरूमा अहिले कुनै

राष्ट्रको परिधि भित्रको स्थितिले मात्र निर्धारण नगरी अन्तर्राष्ट्रिय परिस्थितिले पनि उत्तिकै प्रभाव पार्ने हुँदा यस प्रकारका सम्मेलनले राष्ट्रिय अन्तराष्ट्रिय अनुसन्धानका निचोड र अनुभवको आदानप्रदानले मुलुकको आर्थिक तथा वित्तीय क्षेत्र सम्बन्धी नीति निर्माणमा सहयोग पुग्ने विश्वास व्यक्त गर्नुभयो । सरकार शान्ति प्रक्रिया र संविधान निर्माणमा केन्द्रित रहेको भए पनि आर्थिक विकास र सुशासनलाई पनि उत्तिकै प्राथमिकतामा राखेको जानकारी दिनुहुँदै मुलुकको अहिलेको आवश्यकता भनेको द्रुत्त आर्थिक विकास, नतिजामुखी नीति र त्यसको कार्यान्वयन, जनताको जीवनस्तरको सुधार रहेको धारणा राख्नुहुँदै मन्त्री पुनले आर्थिक विकास जस्तो महत्वपूर्ण विषयमा गरिएको यस सम्मेलनले विकास र आर्थिक समृद्धि हासिल गर्नमा सहयोगी हुने आशा व्यक्त गर्नुभयो ।

सो अवसरमा स्वागत मन्त्रव्य तथा कार्यक्रमको उद्देश्यमाथि प्रकाश पार्दै गभर्नर डा. युवराज खतिवडाले विश्वव्यापी आर्थिक संकटबाट विश्व विस्तारै मुक्त हुँदै गए पनि यसले बजार अर्थतन्त्रमाथि राज्यको रेखदेख आवश्यक रहेको पाठ पढाएको र मुलुकको आर्थिक विकासमा वित्तीय क्षेत्र स्थायित्व अति आवश्यक रहेको धारणा राख्नुभएको थियो । मुलुकले उदारीकरणको नीति अवलम्बन गरेपछि वित्तीय क्षेत्रको व्यापक विस्तार भए पनि मुलुकको दुर्गम क्षेत्रमा सन्तुलित वित्तीय सेवा उपलब्ध गराउनुका साथै वित्तीय क्षेत्र स्थायित्व कायम गर्नुपर्ने आवश्यकता औंल्याउनुभयो । मुलुकको विकासमा बास्तविक क्षेत्रले महत्वपूर्ण भूमिका निर्वाह गर्ने हुँदा वित्तीय क्षेत्रलाई बास्तविक क्षेत्रमा कर्जा प्रवाह गरी आर्थिक विकासमा योगदान दिन आग्रह गर्नुभयो । उहाँले मुलुकको वित्तीय क्षेत्रको स्थायित्व र विकास एवम् समष्टिगत आर्थिक स्थायित्वका साथै मुलुकको आर्थिक नीति निर्माणमा यस सम्मेलनको निष्कर्षले सहयोग पुग्ने विश्वास व्यक्त गर्नुभयो ।

उद्घाटन कार्यक्रममा कम्बोडियाका लागि अन्तराष्ट्रिय मुद्रा कोषका आवासीय प्रतिनिधि Faisal Ahmed ले **आर्थिक विकास र गरिबी निवारणमा वित्तीय क्षेत्रको भूमिका : न्यून आय भएका देशले भोगिरहेका चुनौतीहरू** विषयमा अतिथिको मन्तव्य दिनुभएको थियो ।

कार्यक्रममा डेपुटी गभर्नर श्री गोपालप्रसाद काफ्लेले धन्यवाद मन्तव्य व्यक्त गर्नुभएको थियो ।

२०६९ वैशाख ८ गते शुक्रबार

गभर्नरको कार्यालय